# स्थानीय राजपत्र

## इन्द्रसरोवर गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ४ संख्या ४ पहिलो प्रकाशन मिति २०७७/४/१४ दोश्रो प्रकाशन मिति २०७८/१/५

# इन्द्रसरोवर गाउँपालिकाको ढुङ्गा, बालुवा, माटो जस्ता खानीजन्य वस्तुको व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७

कार्यपालिका बाट स्वीकृत मितिः २०७७ श्रावण ०९

कार्यपालिका बाट पहिलो संशोधन स्वीकृत मितिः २०७७/१२/३०

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ को धारा २२६ ले

दिएको अधिकार प्रयोग गरी नेपालको संविधान अनुसूची ८ को ४ क्रम संख्या २१ र स्थानीय सरकार संचानल ऐन २०७४ को दफा ११,२(प) को ७ मा रहेको ढुङ्गा, गिट्टी, बालुवा, चुन, माटो, खरी ढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता अनुमति, नविकरण, खारेजी र व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि इन्द्रसरोवर गाउँपालिकाबाट अनुमोदन गरी गाउँ कार्यपालिकाले **“इन्द्रसरोवर गाउँपालिकाको ढुङ्गा, बालुवा, माटो जस्ता खानीजन्य वस्तुको व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७”** जारी गरिएको छ।

**१. निजी जग्गा सम्याउने सम्बन्धी व्यवस्था**

१.१ निजी जग्गा व्यवस्थापन प्लटिङ्ग बाहेक(खन्न, सम्याउन) स्वीकृती पाउँ भनी कुनै व्यक्तिले गाउँपालिकामा निवेदन दिंदा निम्न प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(क) जग्गाको हक भोग भएको जग्गा धनी प्रमाण पुर्जा ।

(ख) चालु आ.व को तिरो तिरेको रसिद र नापी नक्सा ।

(ग) संयुक्त जग्गा भए हकवालाको मन्जुरीनामा ।

(घ) मोही जग्गाधनी भए दुबैको सहमति रहेको व्यहोरा खुलेको निवेदन/सम्झौता

(ङ) संघियारको मन्जुरी ।

(च) खन्न, सम्याउन, परेमा व्यहोरा खुलेको निवेदन ।

(छ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(ज) यदि स्वीकृत खानी क्षेत्रको जग्गाको हकमा खानीवालाको स्वीकृती ।

१.२ गाउँपालिकामा निवेदन दर्ता भएपछि कार्यालयले पुरा गर्नु पर्ने प्रक्रिया

(क) निवेदनसंग संग्लन कागजातको प्रमाणीकरण ।

(ख) जग्गा सम्याउनु, खन्न पर्ने कारणको प्राविधिकबाट प्रतिवेदन

(ग) माटो, बालुवा, ढुङ्गाको परिमाण

(घ) समयावधी

(ङ) व्यवस्थापनको तरिका

(च) काट्न मिल्ने जग्गाको क्षेत्रफल

१.३ गाउँपालिकाले सूचनामा माग भएका कित्ता जग्गा र सम्बन्धित जग्गाधनीको विवरण उल्लेख गरी सवै वडा बासीले जानकारी पाउने गरी ७ दिने सार्वजनिक सूचना जारी गर्नु पर्ने।

१.४ प्रकाशित सूचना बमोजिम गाउँपालिकाले सम्बन्धित वडा कार्यालय मार्फत साँध सधियार राखि कोहि कसैलाई असर पर्छ पर्दैन सो समेत खुलाई सर्जमिन गर्नु पर्नेछ ।

१.५ सम्बन्धित वडा कार्यालयको सिफारिस संलग्न गरी गाउँपालिकाबाट खानी, वाशिङ्ग तथा जग्गा व्यवस्थापन गर्न फर्म, कम्पनी, व्यक्तिवाट नविकरणका लागि निवेदन पेश भएमा तोकिएको दस्तुर लिई नविकरण गरिनेछ ।

**२. गाउँपालिकाले स्वीकृती दिंदा पालना गर्नु पर्ने शर्त तथा प्रक्रिया**

(१) जग्गा व्यवस्थापनका लागि माग भएको स्थानमा सार्वजनिक जग्गा, सामुदायिक बनवाट ५० मि., धार्मिक स्थलवाट १०० मि. सामुदायिक विद्यालयवाट १००० मि. लगायत सार्वजनिक महत्वका स्थल भएमा सो स्थानवाट कम्तिमा

५०० मि. अन्तर छ भने स्वीकृतिको प्रक्रियामा लैजाने ।

(२) व्यवस्थापन गर्ने जग्गाको वरपर रहेको जग्गाको सतह भन्दा अग्लो, भिरालो जग्गा हो/हैन एकिन गर्नेछ र सोहि आधारमा वरपरको अन्य जग्गा भन्दा धेरै गहिरो हुने गरी खन्न स्वीकृती दिइने छैन ।

(३) निजी जग्गा सम्याउन सम्झौता भएको मितिले ५ रोपनी सम्ममा बढीमा ४ महिना समय दिईनेछ थप उक्त क्षेत्रफल भन्दा बढि जग्गाको निवेदन परेमा स्वीकृती पाएको मितिले प्राविधिक प्रतिवेदनका आधारमा एक आर्थिक वर्षको समय दिन सकिनेछ ।

(४) एकचोटी सहमति लिएर सम्झौता गरे पश्चात पुनः सोहि कित्ता सम्बन्धित व्यक्तिलाई पुनः जग्गा सम्याउने अनुमति दिइने छैन । तर प्राविधिक वा प्राकृतिक कारणले स्वीकृत प्राप्त समय भित्र काम सम्पन्न नभएको देखिएमा थप समय दिन सकिने छ ।

(५) व्यवस्थापन गर्ने जग्गा निजको आफनै घर टहरा निमार्णका लागि हो वा कृषि प्रयोजनको

लागि हो वा प्लटीङ्गको लागि हो एकिन गर्नु पर्नेछ ।

(६) व्यवस्थापन गर्ने जग्गा २५ रोपनी भन्दा घटी बढी के छ सोको एकिन गर्ने र २५ रोपनी भन्दा बढी जग्गाबाट माल वस्तु निकाल्ने हो भने खानी दर्ता प्रकृयाको लागी निवेदन दिनु पर्ने हकमा सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

(७) घर बनाउने प्रयोजनको लागि १ रोपनी सम्मको जग्गा सम्याउदा स्वीकृती लिनका लागि धरौटी राख्नु पर्ने छैन तर सो भन्दा बढी वा व्यवसायिक प्रयोजन हो भने दफा ५ बमोजिम तोकिएको समितिको सिफारिस बमोजिम प्रति रोपनी रु. १ लाखका दरले नगद धरौटी वा बैंक ग्यारेन्टी राख्नु पर्नेछ ।

(८) निजी जग्गा व्यस्थापनको लागी स्वीकृती दस्तुर एक रोपनीसम्म निजी प्रयोजन वा कृषि प्रयोजनका लागि निःशुल्क र सो स्थानबाट माटो वा बालुवा कटान गरी बाहिर निकासी गर्ने भएमा स्वीकृत भएको मिति देखी सोही आ.व. को लागि माटोको **लागि दस्तुर प्रदेश तथा संघीय आर्थिक ऐन बमोजिम हुनेछ।**

(९) वतावरण सम्बन्धी कानुनले तोके बमोजिमको कार्य गरेको छ/छैन गाउँपालिकाले एकिन गर्नेछ।

(१०) गाउँपालिकाले तोकेको प्राविधिकबाट अनुगमन गराई प्रतिवेदन लिनेछ ।

(११) संघियारको सहमति नभएको अवस्थामा दफा ५ को समितिको सिफारिस बमोजिम हुनेछ ।

(१२) व्यवसायिक प्रयोजनको लागि माग भइ आएको स्वीकृत खानी क्षेत्र भित्रको निजी जग्गा व्यवस्थापन गर्न प्राथमिकता दिएनेछ ।

- २ को ८ नं. बुदाँ कार्यपालिकाबाट पहिलो संशोधन भएको मिति २०७७/१२/३० गते

## ३. खानी, वासिङ्ग तथा फिरफिरे एवमं क्रसर सम्बन्धी व्यवस्था

### ३.१. २५ रोपनी भन्दा बढीको हकमा सिफारिस, अनुगमन तथा नवीकरण सम्बन्धी व्यवस्था

(क) २५ रोपनी भन्दा बढीको क्षेत्रफलमा खानी संचालन गर्नु परेमा खानी विभागको स्वीकृती लिनु पर्नेछ ।

(ख) खानी विभागको स्वीकृति पत्रमा उल्लेख भएका शर्तहरु पालना भए/नभएको सम्बन्धमा गाउँपालिकाबाट खटाइएको अनुगमन टोलीबाट अनुगमन हुनेछ। यसरी अनुगमन गर्दा स्वीकृति दिँदाको शर्त पालना नभएको पाइएमा गउँपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ।

(ग) २५ रोपनी भन्दा बढीको खानी नविकरण गाउँपालिकाबाट हुनेछ।

(घ) गाउँपालिकाले नविकरण गर्दा शर्त पालना गरे/नगरेको सम्बन्धमा प्राविधिक प्रतिवेदन लिई पालना भएको पाइएमा नविकरण गरिनेछ।

(ङ) गाउँपालिकाले खानी विभागमा सिफारिस गर्नु पर्ने भएमा ३.२ को व्यवस्था अनुसारको कार्यविधि अवलम्बन गर्नेछ।

(च) खानी नयाँ दर्ता वापत रु. २ लाख र खानिको अन्य सिफारिस वापत रु. ५०,००० र सम्बन्धित निकायबाट स्वीकृति भई आएपछि निकासी वापत माटो भएमा प्रति क्यू. फि. रु. २ र वालुवाको हकमा प्रति क्यू. फि. रु. ७, ढुङ्गा प्रति घ.मी. रु. १५० लाग्नेछ। त्यस्तै खानी, वासिङ्ग, फिरफिरे र क्रसर नविकरण वापत एक मुष्ठ रु. २ लाख लाग्नेछ।

(छ) स्वीकृत खानी वासिङ्ग तथा फिरफिरे एवमं क्रसर सञ्चालन अनुमति दिँदा पर्न सक्ने विपद् तथा जोखिमलाई न्यूनिकरण गर्न रु. ३ लाख नगद धरौटी वा बैंक ग्यारेन्टी राख्नु पर्नेछ।

**३.२. २५ रोपनी भन्दा कमको हकमा स्वीकृतिको लागि निम्न कार्यविधि अपनाउनु पर्नेछ।**

(क) २५ रोपनी भन्दा कमको क्षेत्रफलमा खानी सञ्चालन गर्न परेमा र वासिङ्ग तथा फिरफिरे सञ्चालन गर्नु परेमा गाउँपालिकाको अनिवार्य स्वीकृति

लिनुपर्नेछ। स्वीकृतिको लागि निवेदन दिंदा दफा १ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ साथै यस दफामा उल्लेख नभएको विषयमा दफा २ बमोजिम नै हुनेछ।

(ख) अनिवार्य रुपमा Treatment Plant राखी फोहोर पानी व्यवस्थापन गर्नु पर्नेछ।

(ग) वातावरण संरक्षण ऐन २०५३ र नियमावली २०५४ ले व्यवस्था गरे बमोजिम वातावरण प्रभाव मुल्याङ्कन (EIA) वा प्रारम्भिक वातावरणीय परिक्षण(IEE) गराउनु पर्नेछ।

(घ) प्रस्तावित क्षत्रको Detailed Topography Survey र सिमानाको घर जग्गालाई सुरक्षित गर्ने टेवा पर्खालको Design Drawing पेश गर्नु पर्नेछ।

(ङ) खानी, वासिङ्ग र फिरफिरे सञ्चालनको लागि रु. ३ लाख देखी रु. १० लाख सम्म नगद धरौटी वैंक ग्यारेन्टी दफा ५ को समितिले सिफारिस गरे बमोजिम अनिवार्य राखु पर्नेछ।

(च) खानी स्वीकृति वापत स्वीकृति दस्तुर रु. २ लाख र निकासी वापत माटो भएमा प्रति क्यू. फि. रु. २ र वालुवाको हकमा प्रति क्यू. फि. रु. ७ दस्तुर लाग्नेछ र नविकरण वापत प्रति बर्ष रु. २ लाख दस्तुर लाग्नेछ।

**३.३. वासिङ्ग तथा फिरफिरे एवमं क्रसर स्वीकृतिका लागि निम्न कार्यविधि अपनाउनु पर्नेछ।**

(क) वासिङ्ग र फिरफिरे एवमं क्रसरमा आउने कच्चापदार्थ वातावरण प्रभाव मुल्याङ्कन (EIA) वा प्रारम्भिक वातावरण मुल्याङ्कन (IEE) स्वीकृति भएको स्रोतबाट मात्र ल्याउनु पर्नेछ।

(ख) स्वीकृतिको लागि निवेदन दिँदा दफा १ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ, साथै यस दफामा उल्लेख नभएमा विषय दफा २, ३.१ र ३.२ बमोजिम नै हुनेछ।

(ग) वासिङ्ग, फिरफिरे र क्रसर सञ्चालन अनुमति वापत रु. २ लाख र

नविकरण वापत रु. २ लाख लाग्नेछ साथै माटो वा वालुवा निकासी वापत माटोको हकमा रु. २ र वालुवाको हकमा रु. ७ प्रति क्यु.फि. दस्तुर लाग्नेछ र प्रत्येक आर्थिक वर्षमा गाउँ सभाले संशोधन गरेमा सोही बमोजिम हुनेछ।

४. **सार्वजमिक जग्गा व्यवस्थापन गर्दा अपनाउनु पर्ने कार्यविधि**

(१) गाउँ वासिको हितमा खेलकुद मैदान सामुदायिक स्कुल, कलेज भवन, मन्दिर तथा पार्क निर्माणका लागि जग्गा व्यवस्थापन गर्दा गाउँ सभाको निर्णय बमोजिम गर्नुपर्नेछ।

(२) गाउँपालिकाको क्षेत्र भित्र बाटो विस्तार गर्दा सार्वजनिक जग्गा परी सो जग्गाबाट आवश्यकता भन्दा बढि माटो, ढुङ्गा, वालुवा निस्किएमा गाउँपालिका स्तरिय दररेट बमोजिम बिक्रि गर्न सकिनेछ।

(३) सम्बन्धित अन्य निकायबाट स्वीकृति लिनुपर्ने भएमा स्वीकृति लिनु पर्नेछ।

**५. गाउँपालिकाले निवेदकको माग स्वीकृत गर्दा देहायको समितिको सिफारिस बमोजिम गर्नेछ**

(१) गाउँपालिका अध्यक्ष
- संयोजक

(२) प्रमुख प्रशासकीय अधिकृत
- सदस्य

(३) सम्बन्धित वडा अध्यक्ष
- सदस्य

(४) अधिकृत स्तरको प्राविधिक (इन्जिनियर)
- सदस्य

(५) खानी सम्बन्धी कार्य गर्न तोकिएको अधिकृत- सदस्य सचिव

(क) समितिको सिफारिस बमोजिम गाउँपालिकाले स्वीकृति गर्नेछ।

(ख) गाउँपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीले जग्गाधनीले मञ्जुरी दिएको व्यक्तिसंग सम्झौता गर्नेछ।

(ग) सम्झौताको जानकारी जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, ई.प्र.का. लाई समेत दिनुपर्नेछ।

**६. जग्गा सम्याउदा, खानी, वाशिङ्ग र फिरफिरे सञ्चालन गर्दै प्रदुषणको रोकथाम तथा नियन्त्रण गर्न निम्न कार्य गर्नुपर्नेछ।**

(१) वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी वा जनजीवन र जनस्वास्थ्यलाई खतरा हुने गरी काम गर्न पाइने छैन।

(२) प्रयोग हुने बाटोमा धुलो उडाउने, आवत जावतमा अवरोध पुग्ने गरी सवारी साधन चलाउन पाउने छैन।

(३) विहान ६:०० बजे देखी बेलुका ६:०० बजेसम्म मात्र काम गर्न पाउनेछ।

(४) गाउँपालिकाले नियमित अनुगमन गर्दा सम्झौता बमोजिम काम नगरेको पाइएमा स्वीकृत अनुमति खारेज गर्न सकिनेछ।

(५) सार्वजनिक जग्गाबाट उत्खनन् भइसकेपछी उक्त स्थानमा सिमाङ्कन गरी हरियाली कायम हुने व्यवस्था गर्नु पर्नेछ।

(६) समय समयमा यस गाउँपालिकाले दिएको निर्देशन पूर्णरुपमा पालना गर्नुपर्नेछ।

(७) आवश्यक पर्ने बाटो वर्षायाममा समेत चल्न सक्ने गरी मर्मत संम्भार गर्नु पर्नेछ।

(८) विभिन्न स्थानमा भएका वासिङ्ग कम्पनीहरुले अनुमति लिदा कम्पनी रजिष्ट्रारको कार्यालय तथा घरेलुबाट दिइएको निर्देशन जस्तै वासिङ्गबाट निस्केको फोहोर पानी आवश्यक उपचार गर्न Treatment Plant बनाई उपचार भइसकेको पानीलाई मात्र स्थानीय नदी तथा खोलामा खसाल्नु पर्नेछ।

(९) वासिङ्ग कम्पनाहरुले बाटोमा धुलो तथा ध्वनी प्रदुषण हुने गरी ढुवानीका साधनहरु चलाउन पाउने छैन र बाटोमा आवश्यकता अनुसार पानी हाली धुलो नउडाउने व्यवस्था मिलाउनु पर्नेछ।

(१०) गाडीको क्षमताभार भन्दा बढी ढुङ्गा, माटो, वालुवा ढुवानी गर्न तथा ढाला माथी ओभरलोड राखी बोक्न पाइने छैन।

७. गाउँपालिकाको स्वीकृत मापदण्ड भन्दा बाहिर गई सम्झौता विपरित काम गरेको पाइएमा स्वीकृति रद्द गर्न वा निजलाई रु. ५०,०००/- (अक्षरेपी पचास हजार मात्र) देखि रु. १,००,०००/- (अक्षरेपी एक लाख मात्र) सम्म जरिवाना गर्ने अधिकार गाउँपालिकाको अध्यक्षलाई हुनेछ।

८. यस गाउँपालिकाको प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धि छुट्टै कानुन निर्माण नभएसम्म यसै कार्यविधि बमोजिम हुनेछ। साथै यस कार्यविधिमा उल्लेख नभएका निषयको सम्बन्धमा गाउँकार्यपालिका र गाउँसभाको निर्णय बमोजिम हुनेछ।

**आज्ञाले**
**दान बहादुर ऐडी**
**प्रमुख प्रशासकीय अधिकृत**

**इन्द्रसरोवर गाउँपालिका मकवानपुरको ढुङ्गा, बालुवा माटो, जस्ता खानीजन्य वस्तुको व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ मुल्य रु.१०।**